# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) बुटवल, रूपन्देही, भदौ ९ गते, २०७७ साल (संख्या १५

# भाग २

## प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको सूचना

प्रदेश सरकार (मन्त्रिपरिषद्) बाट मिति २०७७।०४।०१ मा स्वीकृत भएको "उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७" सर्व साधारणको जानकारीका लागि प्रकाशित गरिएको छ ।

### उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७

प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५ को दफा ३२ र दफा ४३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "उद्यम विकास कोष सञ्चालन नियमावली, २०७७" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमाः-

(क) "**अनुदानग्राही**" भन्नाले यस नियमावली बमोजिम ब्याज अनुदान प्राप्त गर्ने उद्योगलाई सम्झनु पर्छ ।

(ख) "**उद्योग**" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका लघु, घरेलु तथा साना उद्योगलाई सम्झनु पर्छ।

(ग) "**ऐन**" भन्नाले प्रदेश नं. ५, औद्योगिक व्यवसाय ऐन, २०७५ लाई सम्झनु पर्छ ।

(घ) "**कार्यालय**" भन्नाले जिल्लास्थित घरेलु तथा साना उद्योग कार्यालय सम्झनु पर्छ र सो शब्दले नेपाल सरकारबाट हस्तान्तरण भएका जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयलाई समेत जनाउँछ ।

(ङ) "**कोष**" भन्नाले नियम ३ बमोजिमको कोष सम्झनु पर्छ ।

(च) "**बैंक**" भन्नाले नियम ६ बमोजिम छनौट भएको बैंक सम्झनु पर्छ।

(छ) "**मन्त्रालय**" भन्नाले प्रदेश सरकारको उद्योग सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनु पर्छ ।

ज) "**सदस्य**" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष तथा सदस्य सचिवलाई समेत जनाउँछ ।

(झ) "**समिति**" भन्नाले नियम ११ बमोजिम गठन भएको उद्यम विकास कोष सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

३. **<u>कोषको स्थापनाः</u>** (१) मन्त्रालयले "उद्यम विकास कोष" नामको एक छुट्टै कोष स्थापना गर्नेछ।

(२) यो कोष प्रदेश लेखा नियन्त्रक कार्यालयमा रहने छ ।

(३) उपनियम (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्ः-

(क) नेपाल सरकारबाट प्राप्त रकम
(ख) प्रदेश सरकारबाट प्राप्त रकम
(ग) स्वदेशी व्यक्ति वा संघ संस्थाबाट प्राप्त रकम
(घ) विदेशी सरकार, व्यक्ति वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम
(ङ) अन्य स्रोतबाट प्राप्त रकम

(४) उपनियम (३) को खण्ड (घ) बमोजिमको रकम प्राप्त गर्नु अघि नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

४. **<u>कोषको रकमको प्रयोगः</u>** कोषको रकम यस नियमावली बमोजिम बैंकबाट उद्योगको स्थापना, सञ्चालन एवम् क्षमता अभिवृद्धि गर्न उद्योगहरुले लिएको ऋणको ब्याज रकममा अनुदान उपलब्ध गराउने कार्यमा प्रयोग गरिनेछ ।

५. **<u>कोषको रकम अन्य कार्यमा प्रयोग गर्न नसकिनेः</u>** कोषको रकम नियम ४ मा लेखिए बाहेकको अन्य कार्यमा प्रयोग गर्न सकिने छैन ।

६. **<u>बैंक छनौट सम्बन्धी व्यवस्थाः</u>** (१) यस नियमावली बमोजिम ब्याज अनुदान उपलब्ध गराइने उद्योगमा ऋण प्रवाह गर्ने प्रयोजनका लागि मन्त्रालयले प्रदेश नं. ५ का सबै जिल्लामा सम्बन्धित जिल्लाबाटै नियमित सेवा प्रवाह गर्न सक्ने बैंकबाट लगानीको प्रक्रिया र सो लगानीमा बैंकले

लिने ब्याजदर खुलेको प्रस्ताव आह्वान गरी कम्तिमा पन्ध्र दिनको म्याद दिई राष्ट्रियस्तरको दैनिक पत्रिकामा सूचना प्रकाशन गर्नेछ।

(२) उपनियम (१) बमोजिम प्रस्ताव आह्वान भए पश्चात नेपाल राष्ट्र बैंकबाट 'क' वा 'ख' वर्गको ईजाजत प्राप्त बैंकले देहायका विवरण खुलाई मन्त्रालयमा प्रस्ताव पेश गर्न सक्नेछः-

(क) प्रदेश नं. ५ का सबै जिल्लामा सम्बन्धित जिल्लाबाटै सेवा प्रवाह गर्ने सुनिश्चितता,

(ख) यस नियमावली बमोजिम प्रवाह गरिने ऋणमा बैंकले लिने ब्याजदर,

(ग) प्रवाहित ऋणको ब्याज अनुदान भुक्तानी लिने प्रक्रिया,

(घ) ब्याज अनुदानको रकम सम्बन्धित उद्योगको ऋण खातामा जम्मा हुने सुनिश्चितता,

(ङ) यस नियमावली बमोजिम ऋण प्रवाह भएपछि ब्याजदर वृद्धि नहुने सुनिश्चितता ।

(३) उपनियम (२) बमोजिम पेश भएका प्रस्तावहरुको समितिले मूल्याङ्कन गरी सबैभन्दा उपयुक्त प्रस्ताव पेश गर्ने बैंकसँग सम्झौताका लागि मन्त्रालयलाई सिफारीस गर्नेछ ।

(४) उपनियम (३) बमोजिमको समितिको सिफारीस र प्रस्तावको अध्ययन पश्चात देहायका विवरण खुलाई मन्त्रालयले बैंकसँग सम्झौता गर्नेछः-

(क) ऋण प्रवाह गर्नु पर्ने जिल्ला र उद्योग संख्या,

(ख) अनुदानमा उपलब्ध गराइने ब्याजदर र किस्ता बुझाउने अवधी,

(ग) प्रस्ताव आह्वान गर्दा सूचनामा उल्लेख भएका आवश्यक विषयहरु ।

७. **<u>ब्याज अनुदान सम्बन्धी शर्तहरुः</u>** यस नियमावली बमोजिमको ब्याज अनुदान प्राप्त गर्ने अनुदानग्राहीले देहाय बमोजिमका शर्तहरु पुरा गर्नु पर्नेछः-

(क) मन्त्रालयले सम्झौता गरेको बैंकबाट ऋण लिनु पर्नेछ ।

(ख) अनुदानग्राहीले बैंकबाट लिएको ऋण बापत बुझाउनु पर्ने किस्ता नियमित रुपमा भुक्तान गरेको हुनु पर्नेछ ।

(ग) ब्याज अनुदान प्राप्त गर्न यो नियमावली बमोजिम अनुदान प्राप्त नगरेका र अन्य कुनै सरकारी निकायबाट अनुदान प्राप्त नगरेका उद्योग हुनुपर्नेछ ।

(घ) यस नियमावली बमोजिम ब्याज अनुदान प्राप्त गर्ने अनुदानग्राहीले बैंकबाट बढिमा दश लाख सम्म ऋण लिएको हुनुपर्नेछ।

(ङ) समयमा किस्ता नबुझाउने उद्योगलाई सम्बन्धित बैंकले लिने हर्जाना वापत तिरेको रकममा अनुदान उपलब्ध हुने छैन ।

८. **<u>अनुदानग्राही छनौट प्रक्रियाः</u>** (१) यस नियमावली बमोजिम ब्याज अनुदान लिन चाहने उद्योगले उद्योग दर्ताको प्रमाण र अन्य आवश्यक कागजात संलग्न गरी ऋण प्रवाह गर्न छनौट भएको बैंकमा ऋणका लागि निवेदन दिनु पर्नेछ ।

(२) निवेदकले उपनियम (१) बमोजिमको निवेदनसाथ नियम ७ को खण्ड (ग) बमोजिमको सहुलियत वा अनुदान नलिएको व्यहोरा लिखित रुपमा स्वघोषणा गर्नु पर्नेछ ।

(३) ऋण प्रवाह गर्नु अघि बैंकले ऋण माग गर्ने उद्योगले पेश गरेका कागजातको प्रतिलिपि, प्रवाह गरिने ऋण रकम, ऋण रकमको किस्ता, ब्याज भुक्तानीको प्रक्रिया खुलेको कागजात, ऋण स्वीकृत हुने आशय र आफ्नो सिफारीस सहित सम्बन्धित कार्यालयमा पठाउनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्राप्त विवरणमा कार्यालयले अनूसूची १ बमोजिम मूल्याङ्कन गरी सो मूल्याङ्कनका आधारमा ब्याज अनुदान दिने

सम्बन्धी निर्णय गर्नेछ र सो निर्णयको व्यहोरा सहितका कागजातको प्रतिलिपी मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्राप्त हुन आएका विवरण अध्ययन गरी मन्त्रालयले कार्यालयलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

तर, मन्त्रालयको निर्देशन प्राप्त नभए पनि अनुदान स्वीकृत गर्न कुनै बाधा पर्ने छैन ।

(६) उपनियम (५) बमोजिमको निर्देशनको पालना गर्नु कार्यालयको कर्तव्य हुनेछ ।

(७) कार्यालयले ब्याज अनुदान स्वीकृत भएको जानकारी सम्बन्धित अनुदानग्राही र सम्बन्धित बैंकलाई दिनु पर्नेछ ।

९. **अनुदानग्राहीले पाउने सुविधाः** यस नियमावली बमोजिम अनुदानग्राहीले देहायका सुविधाहरु प्राप्त गर्नेछन्ः-

(क) अनुदानग्राहीलाई ब्याज अनुदान वापत बढिमा तीन वर्ष सम्म तीन लाख रुपैयाँमा नबढ्ने गरी रकम उपलब्ध गराईनेछ।

(ख) बैंक तथा कार्यालयले अनुदानग्राही छनौट गर्दा वैदेशिक रोजगारबाट फर्किएका, दलित, महिला, द्वन्द पीडित, अपाङ्गता भएका व्यक्ति, सीमान्तकृत तथा अल्पसङ्ख्यकले स्थापना तथा सञ्चालन गरेका र स्वदेशी कच्चा पदार्थको प्रयोग गर्ने एवम् अत्यावश्यक वस्तु तथा निर्यातजन्य वस्तु उत्पादन गर्ने उद्योगलाई प्राथमिकता दिनु पर्नेछ ।

१०. **ब्याज अनुदान भुक्तानीको प्रक्रियाः** (१) यस नियमावलीको नियम ७, ८ र ९ तथा मन्त्रालयसँग गरेको सम्झौता बमोजिम प्रवाह गरिएको ऋणको ब्याज वापतको रकम बैंकले मन्त्रालयसँग माग गर्नेछ।

(२) उपनियम (१) बमोजिम ब्याज अनुदान वापतको रकम माग गर्दा ऋण लिएका उद्योगको नाम, उद्योगको किसिम, प्रवाह भएको ऋण रकम, ऋणको किस्ता तथा ब्याज विवरण तथा बैंकबाट अनुगमन

गरिएको भए सो को विवरण सहित बैंकले सम्बन्धित कार्यालय मार्फत मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिमका कागजात जाँचबुझ गरी मन्त्रालयले बैंकलाई ब्याज अनुदान वापतको रकम भुक्तानी दिनेछ।

(४) उपनियम (३) बमोजिमको ब्याज अनुदान वापतको रकम बैंकले प्राप्त गरे पश्चात सो को जानकारी अनुदानग्राहीलाई दिनु पर्नेछ ।

११. <u>**उद्यम विकास कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठनः**</u> (१) कोषको सञ्चालन तथा व्यवस्थापनका लागि उद्यम विकास कोष सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

(२) उपनियम (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहने छन्:-

(क) सचिव, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय - अध्यक्ष

(ख) अधिकृत (नवौं/दशौं तह) प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय - सदस्य

(ग) अधिकृत (नवौं/दशौं तह) प्रतिनिधि, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय - सदस्य

(घ) निर्देशक, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय - सदस्य

(ङ) प्रदेश स्तरका उद्योग, व्यापार/वाणिज्य सम्बन्धी महासंघ/संघको प्रतिनिधित्व हुने गरी अध्यक्षबाट मनोनीत कम्तिमा एक जना महिला सहित दुई जना - सदस्य

(च) महाशाखा प्रमुख, औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखा, मन्त्रालय - सदस्य सचिव

(३) उपनियम (२) को खण्ड (ङ) बमोजिम मनोनीत सदस्यको पदावधि तिन वर्षको हुनेछ र निज एक अवधिको लागि पुनः मनोनयन हुन सक्नेछन् ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस नियमावली विपरितको कुनै काम गरेमा वा समितिको काम, कर्तव्य र अधिकार विपरित हुने गरी काम गरेमा अध्यक्षले त्यस्तो सदस्यलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

(५) उपनियम (४) बमोजिम पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(६) समितिका अध्यक्ष तथा सदस्यले प्रचलित कानून बमोजिमको बैठक भत्ता पाउनेछन्।

१२. **समितिको बैठकः** (१) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

(२) समितिको बैठक सामान्यतया छ महिनामा एक पटक बस्नेछ।

तर, आवश्यकतानुसार जुनसुकै बेला बैठक बस्न सक्नेछ ।

(३) समितिको सम्पूर्ण सदस्य सङ्ख्याको कम्तीमा पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ।

(४) समितिको बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषयका विशेषज्ञ, कुनै संस्थाका पदाधिकारी वा प्रतिनिधि वा सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सकिनेछ ।

(५) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

१३. **समितिको काम, कर्तव्य र अधिकारः** समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कोषको रकम उपयोग गर्ने सम्बन्धमा वार्षिक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ख) स्वीकृत कार्यक्रमको लागि कोष परिचालन गर्ने गराउने,

(ग) कोषवाट बैंकले लिने ब्याज अनुदान उद्योगलाई उपलब्ध गराउने सम्बन्धमा आवश्यक मापदण्ड र कार्यविधि मन्त्रालयलाई सिफारिस गर्ने,

(घ) कोष व्यवस्थापनलाई प्रभावकारी बनाउन ऋण प्रवाह गर्ने बैंक, अनुदानग्राही तथा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गर्ने,

(ङ) बैंक छनौट गरी सम्झौताका लागि मन्त्रालयलाई सिफारीस गर्ने,

(च) अनुदानग्राहीको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने र आवश्यकतानुसार सुझाव तथा निर्देशन दिने,

(छ) कोष व्यवस्थापनका सम्बन्धमा आईपर्ने समस्याहरुको समाधान गर्ने,

(ज) कोषको वार्षिक प्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्ने,

(झ) उद्यम विकास र त्यससँग सम्बन्धित अन्य कार्यहरु गर्ने ।

१४. **समितिको प्रशासनिक खर्चः** समितिको प्रशासनिक खर्च मन्त्रालयको नियमित बजेटबाट व्यहोरिनेछ।

१५. **कोषको संचालनः** कोषको संचालन समितिको अध्यक्ष र मन्त्रालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

१६. **लेखा र लेखा परीक्षणः**(१) कोषको आय व्ययको लेखा प्रचलित लेखा प्रणाली बमोजिम राखिनेछ।

(२) कोषको आन्तरिक लेखा परीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

१७. **कोषको रकम फ्रिज नहुनेः** प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन।

१८. **कोषको सचिवालयः** मन्त्रालयको औद्योगिक तथा पर्यटन प्रवर्द्धन महाशाखाले कोषको सचिवालयको काम गर्नेछ।

१९. **प्रतिवेदन पेश गर्नुपर्नेः** (१) समितिले आफुले गरेको कार्यको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको तीन महिना भित्र मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिले वर्ष भरीमा संचालन गरेको कार्यक्रम, विभिन्न स्रोतबाट प्राप्त रकम, खर्च भएको रकम, गत आर्थिक वर्षमा खर्च नभई बाँकी रहेको रकम, कार्यक्रमबाट भएको उपलब्धि तथा भविष्यमा गर्नु पर्ने सुधार समेतका विषयहरु समावेश गर्नुपर्नेछ।

२०. **अभिलेख राख्नुपर्नेः** समितिबाट सम्पादित कामकाजको अभिलेख कोषको सचिवालयले राख्नुपर्नेछ ।

२१. **अनुगमन तथा मूल्याङ्कनः** कोषबाट ब्याज अनुदान उपलब्ध गराएको उद्योगको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय, समिति र सम्बन्धित कार्यालयले गर्न सक्नेछ ।

२२. **निर्देशन दिन सक्नेः** (१) मन्त्रालयले समितिको काम कारवाहीका सम्बन्धमा समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिमको निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(३) मन्त्रालय र मातहतका निकायले अनुदानग्राहीलाई आवश्यक निर्देशन दिन सक्नेछन् ।

(४) उपनियम (३) बमोजिमको निर्देशनको पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ।

२३. **<u>अधिकार प्रत्यायोजनः</u>** समितिले आफूलाई प्राप्त अधिकार आवश्यकता अनुसार समितिको अध्यक्ष वा सदस्यलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२४. **<u>कोष खारेज हुन सक्नेः</u>** (१) कुनै कारणबस कोष संचालन गर्न आवश्यक नभएमा प्रदेश सरकारले कोष खारेज गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम कोष खारेज भएमा कोषमा रहेको रकम प्रदेश संचित कोषमा हस्तान्तरण हुनेछ ।

२५. **<u>कारवाही सम्बन्धी व्यवस्थाः</u>** (१) यस नियमावली बमोजिम ब्याज अनुदान प्राप्त गर्ने उद्देश्यले झुट्टा विवरण पेश गरेको वा ब्याज अनुदान दुरुपयोग गरेको प्रमाणित भएमा मन्त्रालयले अनुदानग्राहीसँग अनुदान बापत भुक्तानी भएको रकम सरकारी बाँकी सरह असुल उपर गर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि झुठ्ठा विवरण पेश गरेको वा ब्याज अनुदान दुरुपयोग गरेकोमा प्रचलित कानून बमोजिम कारवाही गर्न कुनै बाधा पर्ने छैन।

अनुसूची १

दफा ८ को उपदफा ४ सँग सम्बन्धित

ब्याज अनुदान पाउने उद्योग छनौट गर्दा मूल्याङ्कनका आधारहरु :

| क्र.स. | मूल्याङ्कनका आधार | अंकभार | प्रदान गरिने अंक |
|---|---|---|---|
| १ | महिलाले संचालन गरेको उद्योग | १० | |
| | एकल महिलाले संचालन गरेको उद्योग | | १० |
| | महिलाले संचालन गरेको उद्योग | | ८ |
| २ | आपाङ्गता भएका व्यक्तिले संचालन गरेको उद्योग | ५ | ५ |
| ३ | दलित वा अल्पसङ्ख्यक समुदायका व्यक्तिले संचालन गरेको उद्योग | ५ | ५ |
| ४ | नयाँ स्थापना गर्ने उद्योग | २० | २० |
| ५ | स्थानीयस्तरमा प्राप्त भएको कच्चापदार्थमा आधारित उद्योग | १० | १० |
| ६ | उद्योगले सृजना गर्ने रोजगारी संख्या | १० | |
| | ५ जना भन्दा माथि रोजगारी सृजना गर्ने उद्योग | | १० |
| | ५ जना भन्दा कम रोजगारी सृजना गर्ने उद्योग | | ५ |
| ७ | स्वदेशी श्रमिक/जनशक्ति मात्र प्रयोग गर्ने उद्योग | १० | १० |
| ८ | आयात प्रतिस्थापन र निर्यात मूलक | १० | १० |

| | | | |
|---|---|---|---|
| | वस्तु उत्पादन गर्ने उद्योग | | |
| ९ | स्थानीय उपभोगको वस्तु उत्पादन गर्ने उद्योग | १० | १० |
| १० | वातावरणीय व्यवस्थापन | ५ | ५ |
| ११ | स्वास्थ्य सुरक्षा प्रबन्ध अपनाईएको उद्योग | ५ | ५ |
| कूल अंक | | १०० | |

पुनश्चः

१) उल्लेखित मूल्याङ्कन आधारमा मूल्याङ्कन गर्दा कम्तिमा ६० वा सो भन्दा बढी अंक प्राप्त गर्ने उद्योगहरुलाई मात्र छनौटमा समावेश गराईनेछ ।

२) नियमानुसार उद्योग दर्ता, नविकरण, प्यान वा भ्याटमा दर्ता, कर चुक्ता तथा व्यवसायीक योजना जस्ता कागतपत्र पेश नगर्ने उद्योगलाई मूल्याङ्कनमा समावेश गरिने छैन ।

**आज्ञाले,**

**डा. राधा वाग्ले**

**प्रदेश सचिव**



प्रकाशनः प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय